कर्णाली प्रदेशको पहिलो दैनिक

# काँक्रेविहार

www .kankrebihar .com

राष्ट्रिय दैनिक




वर्ष : २५ | अंक : ३०४ | शनिवार, ३० साउन, २०८३ | Saturday, 15 Aug 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

### रोकिएको 'बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको' कार्यक्रम:

# करिब ५६ हजार छोरीको खातामा ४० करोड ६२ लाख रूपैयाँ जम्मा, अब के हुन्छ ?



चाँदनी कठायत

सुर्खेत, २९ साउन

कर्णाली प्रदेश सरकारले कर्णालीका छोरीहरुको सुनौलो भविष्यका लागि भन्दै 'वैंक खाता छोरीको, सुरक्षा जीबनभरीको' भन्ने नारासहित ०७६ साउन १ गते कार्यक्रमको शुभारम्भ गऱ्यो । प्रदेशका पहिलो मुख्यमन्त्री बनेका महेन्द्रबहादुर शाहीले गृहजिल्ला कालिकोटबाट छोरीको खाता खोलेर कार्यक्रमको सुरुवात गरियो ।

छोरीहरुलाई आत्मनिर्भर बनाउने, बालविवाह न्युनिकरण गर्ने, लैंगिक हिंसा कम गर्नेलगायत लक्ष्यसहित छोरीको खातामा पहिलो महिना एक हजार र त्यसपछि हरेक महिना ५ सय रुपैयाँ जम्मा गर्ने लक्ष्यसहित कार्यक्रम सुरु भयो । महिला सांसद, महिला अधिकारकर्मीदेखि छोरी जन्माउने अभिभावसम्मले कार्यक्रमको प्रसंशा गरे । छोरीहरुको सुनौलो भविष्य कोर्ने महत्वाकांक्षी योजना बनाएर सुरु भएको यो कार्यक्रम चालु आर्थिक वर्षदेखि भने बजेट तथा कार्यक्रमबाट नै हट्यो ।

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/०७७ देखि गत गत आर्थिक वर्षसम्म कर्णालीका ५५ हजार ९ सय १६ छोरीको खातामा ४० करोड ६२ लाख १ हजार ८ सय २५ रुपैयाँ जम्मा भएको छ । कार्यक्रम सुरु भएको वर्ष प्रतिपक्षमा रहेको नेपाली कांग्रेसलगायतका दलले सरकारलाई आम्दानी हुने गरी गरी कार्यक्रमलाई परिमार्जन गर्नुपर्ने बताएको थियो ।

पूर्वमुख्यमन्त्री एवं नेपाली कांग्रेस कर्णाली प्रदेश संसदीय दलका नेता जीवनबहादुर शाही यो कार्यक्रमको पुरानै मोडल परिवर्तन गर्नुपर्ने धारणा आफूले सुरुदेखि नै राख्दै आएको बताउँछन् । उनका अनुसार २० वर्षपछि करिब दुई लाख रुपैयाँ मात्र पाउने गरी रकम थुपार्नुभन्दा त्यसलाई हाइड्रोपावरलगायत उत्पादनमूलक क्षेत्रमा लगानी गरेर प्राप्त प्रतिफलसमेत बालिकाको खातामा जोड्ने योजना थियो । 'हामीले रिथिंक गरेर भएको पैसालाई लगानी गर्ने, हाइड्रोमा हुन सक्छ, अर्को हुन सक्छ भनेर मोडल बनाउने भनेका थियौं,' शाहीले भने,'जगदुल्ला जलविद्युत् आयोजनालगायतमा लगानी गर्ने गरी कार्यविधि पनि बनेको थियो ।'

| जिल्ला | खाता खोलिएका छोरी संख्या | बचत भएको रकम |
|---|---|---|
| सुर्खेत | ९,०७१ | १३,५०,६९,४७८ |
| दैलेख | १०,७०३ | ३,६७,३९,१९७ |
| कालिकोट | ६,२४२ | २,४२,७१,५०० |
| जुम्ला | ४,२५३ | १,७१,२६,८२७ |
| हुम्ला | १,५६६ | ६४,६१,७७८ |
| मुगु | १,३८६ | ४४,८२,५०० |
| डोल्पा | १,६१९ | १०,१०,७९,८९३ |
| सल्यान | ८,४७८ | ३,५१,६२,४०० |
| रुकुम (पश्चिम) | ६,३८७ | २,९३,३०,४९९ |
| जाजरकोट | ६,२११ | १,६४,७७,७५३ |

*स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश*

अहिले कार्यक्रम रोकिएपछि खातामा रहेको रकम त्यसै थन्क्याउनुभन्दा उचित क्षेत्रमा लगानी गरेर बालिकालाई बढी लाभ हुने गरी नयाँ मोडल बनाउनुपर्ने उनको भनाइ छ । 'त्यत्तिकै पैसा राखेर बस्ने होइन, अब नयाँ आएकाले कसरी गर्छन् हेरौं,' उनले भने ।

तथ्यांक हेर्दा सबैभन्दा बढी दैलेखमा १० हजार ७ सय ३ जना छोरीहरुको खाता खोलिएको देखिन्छ । तर खातामा रकम भने सुर्खेतमा जन्मिएका छोरीहरुको जम्मा भएको छ । सुर्खेतमा नौ हजार ७१ छोरीहरुको खाता खोल्दा १३ करोड ५० लाख ६९ हजार ४ सय ७८ पैसा बचत भएको छ । यस्तै, डोल्पामा १ हजार ६ सय १९ छोरीहरुको मात्रै खाता खोलिएको छ भने १० करोड १० लाख ७९ हजार ८ सय ९३ रकम जम्मा भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारले स्थानीय तहमा नियमित बजेट पठाउन छाडेपछि कार्यक्रम कसरी अगाडी बढ्ने भन्ने अलमल सुरु भयो । कार्यक्रम सुरु भएको तीन आर्थिक वर्षपछि प्रदेश सरकारले नियमित रुपमा रकम पठाउन छाडेको हो । आर्थिक वर्ष ०७६/७७ मा ७ करोड रुपैयाँ विनियोजन गरेको प्रदेश सरकारले स्थानीय तहमा ३ करोड ४८ लाख रुपैयाँ मात्रै पठाएको मन्त्रालयले जनाएको छ । आव ०७७/७८ मा १२ करोड ६० लाख विनियोजनमध्ये ६ करोड र आव ०७८/७९ मा १६ करोड विनियोजनमध्ये १३ करोड रुपैयाँ स्थानीय तहमा पठाइएको थियो । त्यसयता भने कार्यक्रमका लागि बजेट विनियोजन भए पनि स्थानीय तहमा रकम पठाउने काम प्रभावकारी रुपमा हुन सकेन ।

आव २०७९/०८० मा प्रदेश सरकारले छोरी बचत खाताका लागि २० करोड र आव २०८०/०८१ मा २५ करोड रुपैयाँ विनियोजन गरेको थियो । आव २०८१/०८२ मा नीति तथा कार्यक्रममा कार्यक्रम समेटिए पनि बजेट विनियोजन भएन । चालु आव २०८२/०८३ मा भने ५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । तर उक्त रकम पनि कार्यान्वयन हुन सकेन ।

कार्यक्रमलाई पुरानै ढाँचामा सञ्चालन गर्दा प्रदेश सरकारमाथि दीर्घकालीन आर्थिक दायित्व थपिने भन्दै यसको मोडल परिवर्तन गर्नुपर्ने बहस यसअघि नै सुरु भएको थियो । गत आवको नीति तथा कार्यक्रममा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका छोरीलाई लक्षित गरी शिक्षा, सीप, सचेतना तथा क्षमता विकासका कार्यक्रमसँग जोडेर 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको' कार्यक्रमलाई परिमार्जन गर्ने र कार्यान्वयनको उपयुक्त ढाँचा विकास गर्ने उल्लेख गरिएको थियो । तर नयाँ मोडलसमेत कार्यान्वयनमा आउन सकेन ।

सामाजिक विकास मन्त्रालयका अनुसार नयाँ मोडलका लागि ७९ वटै स्थानीय तहबाट विवरण संकलन गरिएको छ । कति छोरी कार्यक्रममा आबद्ध छन्, कति लाभग्राही थपिन सक्छन् र परिमार्जित बाँकी पृष्ठ ४

## सुदूरपश्चिमका नवनियुक्त मुख्यमन्त्री भट्टले लिए शपथ



काँक्रेविहार संवाददाता

धनगढी, २९ साउन

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रदेश प्रमुख नजिर मियाँले शुक्रबार भट्टलाई मुख्यमन्त्री पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

प्रदेश प्रमुख मियाँले भट्टलाई शुक्रबार बिहान सुदूरपश्चिम प्रदेश सरकारको पाँचौं मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । भट्टले शुक्रबार बिहान प्रदेश प्रमुखको कार्यालय, धनगढीमा पुगेर मुख्यमन्त्री पदका लागि दाबी पेस गरेका थिए । उनको दाबीमा नेकपा एमाले संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलले समर्थन गरेका थिए ।

दाबी पेस गरेपछि प्रदेश प्रमुख मियाँले भट्टलाई मुख्यमन्त्रीमा नियुक्त गर्दै नियुक्तिपत्र प्रदान गरेका थिए ।

मुख्यमन्त्रीको शपथपछि एमालेको तर्फबाट सरकारमा सहभागी हुने मन्त्रीहरूको शपथको तयारी भइरहेको छ ।

## ट्रस्ट एजुकेशनलको सहयोगमा अटो चालकहरूलाई सेफ्टी ज्याकेट वितरण

काँक्रेविहार संवाददाता

सुर्खेत, २९ साउन

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतको आयोजना तथा ट्रस्ट एजुकेशनल सेन्टर वीरेन्द्रनगरको सहयोगमा जिम्मेवार चालकहरूलाई सेफ्टी ज्याकेट वितरण तथा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार जिल्ला समन्वय समिति सुर्खेतको सभाहलमा वीरेन्द्रनगरमा अटो सञ्चालन गर्दै आएका करिब १३० जना अटो चालकहरूको सहभागिता रहेको उक्त कार्यक्रममा चालकहरूलाई सेफ्टी ज्याकेट वितरण गरिनुका साथै सडक सुरक्षासम्बन्धी सचेतना प्रदान गरिएको थियो ।



कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी निरीक्षक रोहित कुमार शाही, ट्रस्ट एजुकेशनल सेन्टरका सञ्चालक हरि कँडेल, सेन्टरमा अध्ययनरत विद्यार्थीहरू, सञ्चारकर्मी तथा सुरक्षा निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै ट्राफिक प्रमुख रोहित कुमार शाहीले सेफ्टी ज्याकेट प्राप्त गरेपछि चालकहरूले अझ बढी जिम्मेवार बनेर सुरक्षित रूपमा सवारी सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले सडक दुर्घटना न्यूनीकरणका लागि चालकहरू स्वयं सचेत हुनुपर्ने बताए ।

त्यसैगरी ट्रस्ट एजुकेशनल सेन्टरका सञ्चालक हरि कँडेलले विगत १५ वर्षअघि उच्च शिक्षा र रोजगारीका लागि सुर्खेत प्रवेश गर्दाका आफ्ना संघर्षका दिनहरू स्मरण गरे । १२ वर्षअघि स्थापित सेन्टरमार्फत भाषा शिक्षण र विभिन्न लोकसेवा तथा सुरक्षा निकायको तयारी कक्षा सञ्चालन गरी हालसम्म १० हजारभन्दा बढी विद्यार्थीहरूसँग जोडिन पाएकोमा खुसी व्यक्त गरे ।

सडकमा अटो चालक र ट्राफिक प्रहरी विरोधी नभई एकअर्काका सहयात्री भएको उल्लेख गर्दै कँडेलले भने, धुलो, हिलो र खाल्डाखुल्डीयुक्त सडकमा चालकको भरमा सिङ्गो परिवारको सपना जोडिएको हुन्छ । पहेँलो ज्याकेटले विशेष गरी रातिको समयमा दुर्घटनाबाट बचाउन मद्दत गर्छ । चालक सुरक्षित भए मात्र यात्रु सुरक्षित हुन्छन् ।

सोही अवसरमा कँडेलले अटो चालक र तिनका परिवारका सदस्यहरूलाई ट्रस्ट एजुकेसनल सेन्टरबाट सञ्चालन हुने वैदेशिक भाषा तथा अन्य तयारी कक्षाहरूमा २० देखि ५० प्रतिशतसम्म विशेष छुट दिने घोषणासमेत गरे । सीमित स्रोत र साधनका बाबजुद सुर्खेतको ट्राफिक व्यवस्थापनमा खटिने प्रहरी टोली र प्रमुख शाहीको नेतृत्वको प्रशंसा गर्दै कँडेलले नागरिक स्तरबाट पनि ट्राफिक प्रहरीको योगदानको कदर हुनुपर्ने धारणा राखे ।

आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व प्रति प्रतिबद्ध रहँदै ट्रस्ट एजुकेशनल सेन्टरले सुरुदेखि नै यस्ता समाज उपयोगी, शैक्षिक तथा सचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आएको छ ।

# कथा आध्यात्मिक चिन्तनप्रति रूचि राख्ने विद्यार्थी



निर्मला शाही

जाजरकोट जिल्लाको एउटा अत्यन्त दुर्गम गाउँ थियो—पाल्त। चारैतिर अग्ला–अग्ला पहाड, घना जंगल, उकालो–ओरालो बाटो र बीच–बीचमा बग्ने साना खोलाहरूले घेरिएको त्यो गाउँ प्रकृतिको काखमा बसेको थियो। बिहानको समयमा पहाडको टुप्पोबाट घामका किरणहरू बिस्तारै गाउँमा झर्थे। चराचुरुङ्गीको चिरबिर आवाजले गाउँलाई ब्युँझाउँथ्यो। साँझ पर्दा पहाडमाथि रातो घाम अस्ताउँदै जाँदा गाउँ सुनौलो देखिन्थ्यो। प्रकृतिले पाल्तलाई सुन्दर बनाएको भए पनि विकासका दृष्टिले त्यो गाउँ निकै पछाडि परेको थियो। गाउँसम्म पुग्ने बाटो कच्ची थियो। वर्षायाममा बाटो हिलाम्मे हुन्थ्यो। कतिपय ठाउँमा पहिरो जाने भएकाले मानिसहरूलाई आवतजावत गर्न निकै कठिन हुन्थ्यो। खोलामा पुल नहुँदा वर्षायाममा विद्यार्थीहरू विद्यालय जानसमेत समस्या भोग्थे।

गाउँमा स्वास्थ्य चौकी टाढा थियो। सामान्य बिरामी पर्दासमेत मानिसहरू घण्टौँ हिँडेर उपचारका लागि जानुपर्थ्यो। विद्युत्को सुविधा पर्याप्त थिएन। धेरै घरमा अझै पनि राति लालटिन वा टुकीको उज्यालो प्रयोग हुन्थ्यो। सञ्चार र इन्टरनेटको सुविधा पनि सबैको पहुँचमा थिएन।

त्यहाँ एउटा सानो विद्यालय भने थियो। विद्यालयको भवन पुरानो थियो। कक्षाकोठामा पर्याप्त डेस्क–बेन्च थिएनन्। पुस्तकालयमा पनि धेरै किताब थिएनन्। तर त्यो विद्यालय गाउँका बालबालिकाको भविष्यको आशा थियो।

त्यही गाउँमा भीमसरा नामकी एक विद्यार्थी बस्थिन्। भीमसरा आर्थिक रूपमा कमजोर परिवारमा जन्मिएकी थिइन्। उनका बुबा अरूको खेतबारीमा मजदुरी गर्नुहुन्थ्यो। कहिले गाउँमै काम पाइन्थ्यो, कहिले कामको खोजीमा टाढा जानुपर्थ्यो। उनकी आमा घरको कामसँगै गाउँका मानिसहरूको घरमा काम गरेर परिवारको आर्थिक अवस्था सम्हाल्न सहयोग गर्नुहुन्थ्यो। भीमसराको एउटा सानो भाइ थियो। घरमा आमाबुबा, भीमसरा र भाइ गरी चारजना थिए। उनीहरूको घर गाउँको अन्तिम छेउमा थियो। माटो र ढुङ्गाले बनेको सानो घरको छानो पुरानो थियो। वर्षा हुँदा कतिपय ठाउँबाट पानी चुहिन्थ्यो। जाडोमा चिसो हावा घरभित्र पस्ने गर्थ्यो। भीमसराको पढ्ने छुट्टै कोठा थिएन। उनी कहिले भान्साको कुनामा बसेर पढ्थिन्। कहिले आँगनको छेउमा। राति प्रायः लालटिनको मधुरो उज्यालोमा किताब खोलेर बसिरहन्थिन्। तर अभावका बीच पनि उनको मनमा ठूलो सपना थियो। उनी राम्रोसँग पढेर सफल बन्न चाहन्थिन्। आफ्ना आमाबुबाको दुःख कम गर्न चाहन्थिन्। भाइलाई राम्रो शिक्षा दिन चाहन्थिन्। अनि आफ्नो गाउँका गरिब तथा पछाडि परेका बालबालिकालाई पनि पढ्ने अवसर मिलोस् भन्ने उनको ठूलो इच्छा थियो। तर भीमसराको व्यक्तित्वमा एउटा अर्को विशेषता पनि थियो। उनी आध्यात्मिक चिन्तनप्रति निकै रुचि राख्थिन्। सानैदेखि उनी आफ्ना आमाबुबासँग बिहान उठेर प्रार्थना गर्ने गर्थिन्। गाउँको सानो मन्दिरमा बज्ने घण्टीको आवाज उनलाई निकै मन पर्थ्यो। गाउँका वृद्धवृद्धाहरूले सुनाउने धार्मिक, नैतिक र जीवनोपयोगी कथाहरू उनी ध्यानपूर्वक सुन्थिन्। उनका हजुरआमाले उनलाई प्रायः भन्नुहुन्थ्यो-“छोरी, भगवान्माथि विश्वास राख्नु राम्रो हो, तर भगवान्को नाम लिएर आफ्नो कर्म छोड्नु हुँदैन।” यो कुरा भीमसराको मनमा गहिरोसँग बसेको थियो। उनका लागि आध्यात्मिकता केवल पूजा गर्नु वा मन्दिर जानु मात्र थिएन। उनी सत्य बोल्नु, अरूलाई सम्मान गर्नु, दुःखमा धैर्य राख्नु, असहायलाई सहयोग गर्नु र आफ्नो कर्म इमानदारीपूर्वक गर्नु पनि आध्यात्मिकता हो भन्ने मान्थिन्। उनी बिहान केही समय शान्त भएर बस्ने गर्थिन्। आँखा बन्द गरेर आफ्नो दिनबारे सोच्थिन्।

कहिलेकाहीँ उनी मनमनै भन्थिन्-“हे भगवान्, मेरो समस्या सबै हटाइदिनुहोस् भनेर म माग्दिनँ। समस्या सामना गर्ने शक्ति दिनुहोस्। गलत बाटोमा नलाग्ने बुद्धि दिनुहोस्। आफ्नो कर्ममा इमानदार हुने साहस दिनुहोस्।” उनको यो सोच उमेरसँगै अझ गहिरिँदै गयो। भीमसरा पढाइमा पनि निकै मेहनती थिइन्। बिहान अरू विद्यार्थीहरू उठ्नुअघि नै उनी उठिसकेकी हुन्थिन्। आमालाई घरको काममा सघाउँथिन्। पानी ल्याउँथिन्। भाइलाई तयार पार्न सहयोग गर्थिन्। त्यसपछि विद्यालय जान्थिन्। विद्यालय घरबाट धेरै टाढा थियो। कहिले घाममा हिँड्नुपर्थ्यो। कहिले वर्षामा भिज्दै जानुपर्थ्यो। हिउँदमा चिसो हावा सहँदै उकालो चढ्नुपर्थ्यो। तर भीमसरा विद्यालय जान कहिल्यै अल्छी गर्दिनथिन्। उनको झोला पुरानो थियो। जुत्ता पनि धेरैपटक सिलाइएको थियो। किताबहरू पनि प्रायः पुराना थिए। विद्यालयका केही विद्यार्थीहरू उनलाई जिस्काउने गर्थे।

“भीमसरा, तिम्रो झोला त कति पुरानो!”

“तिम्रो जुत्ता फेरि च्यातिएछ!” कहिलेकाहीँ उनीहरू उनको पुरानो कपडा देखेर हाँस्थे। भीमसरालाई दुःख लाग्थ्यो। तर उनले कसैसँग झगडा गर्दिनथिन्। उनी मुस्कुराउँदै भन्थिन्-“मेरो झोला पुरानो होला, तर मेरो सपना पुरानो छैन।” उनको कुरा सुनेर कतिपय साथीहरू चुप लाग्थे।एक दिन विद्यालयमा एकजना शिक्षकले उनलाई एउटा पुस्तक दिनुभयो। त्यो पुस्तक महान् व्यक्तिहरूको जीवन र उनीहरूको विचारबारे थियो। भीमसराले त्यो किताब निकै ध्यान दिएर पढिन्। त्यहाँ उनले एउटा विचार पढिन्-“मानिसको वास्तविक शक्ति उसको बाहिरी अवस्थाभन्दा उसको भित्री सोचमा हुन्छ।” भीमसरा लामो समयसम्म त्यो वाक्यबारे सोचिरहिन्।

उनले महसुस गरिन्- मानिसको घर सानो हुन सक्छ, कपडा पुरानो हुन सक्छ, पैसा कम हुन सक्छ, तर यदि उसको सोच ठूलो छ भने उसले आफ्नो जीवन परिवर्तन गर्न सक्छ। त्यस दिनदेखि उनले आत्मचिन्तनलाई आफ्नो जीवनको एउटा हिस्सा बनाइन्।

उनी हरेक रात आफूलाई तीनवटा प्रश्न सोध्थिन्—“आज मैले के राम्रो गरेँ?”, “आज मैले के गल्ती गरेँ?”, “भोलि म के सुधार गर्न सक्छु?”

यसरी आफूलाई जाँच्ने बानीले उनको व्यवहारमा पनि परिवर्तन आउन थाल्यो। तर जीवनले उनलाई सजिलो बाटो दिएन। एक वर्ष उनका बुबा खेतमा काम गर्ने क्रममा घाइते हुनुभयो। उहाँको खुट्टामा गम्भीर चोट लाग्यो। केही महिनासम्म उहाँ काम गर्न सक्नुभएन।घरको आम्दानी रोकियो। आमाले मात्र काम गरेर परिवार चलाउनुपर्‍यो। घरको खर्च, औषधि, खाना, भाइको पढाइ र भीमसराको पढाइ—सबै कुरा मिलाउन कठिन भयो। एक दिन बुबाले भीमसरालाई बोलाउनुभयो। “छोरी, घरको अवस्था तिमीले देखेकी छौ। केही समय पढाइसँगै काममा पनि बढी सघाउनुपर्ला।” भीमसरा केही समय मौन भइन्। उनलाई बुबाको पीडा थाहा थियो। उनले बुबाको हात समाउँदै भनिन्—“बुबा, म घरको काममा सघाउँछु। आवश्यक परे काम पनि गर्छु। तर पढाइ छोड्दिनँ।” बुबाले छोरीलाई हेर्नुभयो। “छोरी, बाटो धेरै कठिन छ।”

भीमसराले शान्त स्वरमा भनिन्-“बुबा, कठिनाइबाट भागेर होइन, त्यसलाई स्वीकार गरेर अघि बढ्नुपर्छ।” त्यस दिनदेखि उनको जिम्मेवारी बढ्यो। उनी बिहान घरको काम गर्थिन्। कहिलेकाहीँ छिमेकीको खेतमा काम गर्न जान्थिन्। विद्यालय जान्थिन्। फर्किएपछि फेरि घरको काम गर्थिन्। राति थाकेर घर फर्किँदा शरीरमा शक्ति हुँदैनथ्यो। तर उनी केही समय शान्त भएर बस्ने गर्थिन्। आँखा बन्द गर्थिन्। मनमनै भन्थिन्

“आजको दिन कठिन थियो। तर मैले आफ्नो कर्तव्य पूरा गरेँ। भोलि फेरि नयाँ प्रयास गर्छु।”

उनको आध्यात्मिक चिन्तनले उनलाई कठिनाइबाट भाग्न होइन, कठिनाइलाई धैर्यपूर्वक सामना गर्न सिकाएको थियो। एक दिन उनका शिक्षक महेन्द्र सरले उनलाई सोध्नुभयो—

“भीमसरा, तिमी धेरै थाकेको देखिन्छौ। तर तिम्रो अनुहारमा सधैँ शान्त भाव हुन्छ। कसरी?” भीमसराले मुस्कुराउँदै भनिन्—“सर, समस्या त धेरै छन्। तर समस्या आएपछि डराएर बस्दा समस्या घट्दैन। म केही समय शान्त भएर सोच्ने गर्छु। त्यसपछि के गर्न सकिन्छ भनेर प्रयास गर्छु।” महेन्द्र सर प्रभावित हुनुभयो। उहाँले भन्नुभयो-“तिम्रो यो सोच राम्रो छ। याद राख, आध्यात्मिकता भनेको संसारबाट भाग्नु होइन। जीवनका कठिनाइबीच पनि सही बाटो रोज्नु हो।” भीमसराले त्यो कुरा आफ्नो मनमा राखिन्। तर केही समयपछि उनलाई ठूलो असफलता आयो। वार्षिक परीक्षामा उनी गणितमा अनुत्तीर्ण भइन्। नतिजा हातमा लिएर उनी निकै दुःखी भइन्। उनले सोचेकी थिइन्-“मैले यति धेरै मेहनत गरेँ। तर पनि असफल भएँ।” त्यो साँझ उनी घरको एक कुनामा चुपचाप बसिरहिन्। आमाले सोधिन्-“छोरी, के भयो?”

भीमसराले नतिजा देखाइन्। “आमा, म असफल भएँ।” आमाले छोरीको टाउको मुसार्दै भनिन्-“एउटा परीक्षामा असफल हुनु भनेको जीवनमा असफल हुनु होइन।” भीमसराको आँखामा आँसु आयो। त्यो रात उनी धेरै बेरसम्म सोचिरहिन्। पछि उनले आफ्नो आध्यात्मिक अभ्यास सम्झिइन्। उनी केही समय शान्त भएर बसिन्। आफ्नो मनलाई सोधिन्-“म किन दुःखी छु?” उत्तर आयो- “किनकि मैले आफ्नो अपेक्षाअनुसार नतिजा पाइनँ।” फेरि उनले आफूलाई सोधिन्- “अब के गर्न सक्छु?” उत्तर आयो-“आफ्नो कमजोरी पहिचान गरेर फेरि मेहनत गर्न सक्छु।” त्यसपछि उनले आँसु पुछिन्। नतिजाको कागज हातमा लिएर भनिन्-“म असफल भएकी छु, तर मेरो प्रयास असफल भएको छैन।” भोलिपल्टदेखि उनले गणितमा विशेष मेहनत गर्न थालिन्। शिक्षकसँग प्रश्न सोधिन्। साथीहरूको सहयोग लिइन्। नबुझेको कुरा दोहोर्‍याएर पढिन्। हरेक दिन अभ्यास गरिन्। केही महिनापछि पुनः परीक्षा भयो।

यसपटक उनले उत्कृष्ट अंक ल्याइन्। महेन्द्र सरले उनको कापी हेर्दै भन्नुभयो-“भीमसरा, तिमीले गणित मात्र जितेकी होइनौ, तिमीले आफ्नो डर र निराशा पनि जितेकी छौ।” भीमसरा मुस्कुराइन्। उनले बुझिन्-“आध्यात्मिक चिन्तनले मनलाई शान्त बनाउन सक्छ, तर लक्ष्य पूरा गर्न कर्म आफैँ गर्नुपर्छ।” त्यसपछि उनले एउटा कुरा आफ्नो जीवनको सिद्धान्त बनाइन्-“प्रार्थनासँगै प्रयास, विश्वाससँगै कर्म।” समय बित्दै गयो। एसईई परीक्षा नजिकिँदै थियो। घरको अवस्था अझै कमजोर थियो। बुबा पूर्ण रूपमा स्वस्थ हुनुभएको थिएन। आमा पनि धेरै काम गरेर थाक्नुहुन्थ्यो। भीमसराले पढाइ र घरको जिम्मेवारीबीच सन्तुलन मिलाइन्। उनले समयतालिका बनाइन्। बिहान चार बजे उठेर पढ्ने। घरको काम गर्ने, विद्यालय जाने, फर्किएपछि परिवारलाई सघाउने, राति फेरि पढ्ने। कहिलेकाहीँ उनलाई निकै थकाइ लाग्थ्यो।

तर उनी आफूलाई सम्झाउँथिन्-“थकान स्थायी होइन। मेरो लक्ष्य अझ ठूलो छ।” एक दिन परीक्षा आउन केही हप्ता मात्र बाँकी हुँदा उनकी आमा बिरामी पर्नुभयो। घरको जिम्मेवारी झन् बढ्यो। भीमसराले आमाको हेरचाह गरिन्।

भाइलाई विद्यालय पठाइन्। घरको खाना बनाइन्। बुबाको औषधि ल्याइन्। तर पढ्नका लागि समय निकै कम भयो। एक रात किताब खोलेर बस्दा उनका आँखाबाट आँसु झर्‍यो। “के म सफल हुन सक्छु?” उनले आफूलाई सोधिन्। त्यही बेला आमाले बोलाउनुभयो। “भीमसरा।” उनी आमाको छेउमा गइन्। आमाले उनको हात समाउँदै भनिन्-“छोरी, तिमीले धेरै दुःख सहेकी छौ। तर आफ्नो मन नहार।” भीमसराले आमाको हात समातिन्। आमाले भनिन्-“भगवान्माथि विश्वास राख। तर आफ्नो कर्म पनि गर।” यो कुरा सुनेर भीमसराले मनमा एउटा शान्ति महसुस गरिन्। उनले भनिन्—“आमा, म प्रयास छोड्दिनँ।” परीक्षा सुरु भयो। उनले आफ्नो सम्पूर्ण मेहनत परीक्षामा लगाइन्। नतिजाको दिन आयो। विद्यालयमा विद्यार्थीहरूको भीड थियो। भीमसराको मुटु छिटो धड्किरहेको थियो। उनले सूचना पाटीमा आफ्नो नाम खोजिन्। केही क्षणपछि उनको आँखामा एउटा नाम पर्‍यो—विद्यालय प्रथम—भीमसरा। उनका आँखाबाट खुसीका आँसु झरे। उनी दौडिँदै घर पुगिन्। आमाबुबालाई नतिजा देखाइन्। बुबाले छोरीलाई अँगालो हाल्दै भन्नुभयो—“छोरी, तिमीले हाम्रो सपना पूरा गर्‍यौ।” भीमसराले भनिन्—“यो मेरो मात्र सफलता होइन। तपाईंहरूको त्याग, आमाको आशीर्वाद, गुरुहरूको मार्गदर्शन र मेरो मेहनतको परिणाम हो।” उनी आफ्नो सफलताप्रति घमण्ड गरिनन्। बरु उनले अझ गहिरो रूपमा बुझिन्—मानिसले आफ्नो जीवनमा पाएको अवसरमा धेरै मानिसको योगदान हुन्छ। उनी शहरमा उच्च शिक्षा पढ्न गइन्।

शहरको वातावरण उनको गाउँभन्दा निकै फरक थियो। ठूला भवनहरू, सडक, इन्टरनेट, प्रविधि, ठूला विद्यालय र कलेज। सुरुमा उनलाई आफू निकै सानो भएको जस्तो लाग्यो। धेरै विद्यार्थीहरू अंग्रेजीमा धाराप्रवाह बोल्थे। प्रविधि चलाउन जान्थे। प्रस्तुति दिन सजिलै सक्थे।

भीमसरालाई भने अंग्रेजी बोल्न डर लाग्थ्यो। एक दिन उनलाई कक्षामा प्रस्तुति दिनुपर्ने भयो। उनी मञ्चमा गइन्। केही शब्द बोलिन्। त्यसपछि सबै कुरा बिर्सिइन्। केही विद्यार्थीहरू हाँसे। भीमसरा आफ्नो सिटमा फर्किइन्। त्यो दिन उनी निकै दुःखी भइन्। उनले सोचे—“सायद म यहाँका अरू विद्यार्थी जस्तो सक्षम छैनँ।” तर राति उनले फेरि आत्मचिन्तन गरिन्। आफूलाई प्रश्न गरिन्—“म किन डराएँ?” उत्तर आयो—“म असफल हुने डरले।” फेरि उनले आफूलाई सोधिन्—“के गल्ती गर्नु गलत हो?” उनले आफैँ उत्तर दिइन्—“होइन। गल्तीबाट सिक्नु आवश्यक छ।” त्यसपछि उनले एउटा निर्णय गरिन्। हरेक दिन अभ्यास गर्ने। ऐनाको अगाडि बोल्ने। नयाँ शब्द सिक्ने। साथीहरूसँग कुरा गर्ने। गल्ती भए पनि नडराउने। अर्को पटक प्रस्तुति दिँदा उनी मञ्चमा गइन्। उनले गहिरो सास लिइन्। मनमनै भनिन्—“म डराउन होइन, सिक्न आएको हुँ। म आफ्नो कर्म गर्छु। परिणाम जे भए पनि स्वीकार गर्छु।” यसपटक उनले आत्मविश्वासका साथ प्रस्तुति दिइन्। सबैले ताली बजाए। त्यो दिन भीमसराले अर्को कुरा बुझिन्—आध्यात्मिकता केवल शान्त भएर बस्नु होइन; आफ्नो डरलाई बुझेर त्यसलाई पार गर्ने साहस पनि हो।

समय बित्दै गयो। भीमसरा पढाइसँगै विभिन्न सामाजिक काममा सहभागी हुन थालिन्। उनी वृद्ध मानिसहरूलाई सहयोग गर्थिन्। गरिब विद्यार्थीहरूलाई किताब जुटाइदिन्थिन्। कहिलेकाहीँ गाउँका विद्यार्थीलाई अनलाइन पढ्न सहयोग गर्थिन्। उनको मनमा सेवा गर्ने भावना बढ्दै गयो। उनी मान्थिन्—“मानिसले भगवान्लाई मन्दिरमा खोज्नुभन्दा पहिले मानिसभित्रको मानवतालाई बुझ्नुपर्छ।” अध्ययन पूरा गरेपछि उनले राम्रो संस्थामा काम गर्ने अवसर पाइन्। पहिलो तलब पाएपछि उनले आफ्नो लागि महँगो सामान किनिनन्। उनले आमाका लागि कपडा किनिन्। बुबाका लागि औषधि र जुत्ता किनिन्। भाइका लागि किताब किनिन्। त्यसपछि उनी आफ्नो गाउँ पाल्त फर्किइन्। गाउँमा पुगेपछि उनले पुरानो विद्यालय हेर्न गइन्। त्यही पुरानो भवन, त्यही उकालो बाटो, त्यही पहाड, त्यही मन्दिर। तर अब उनको दृष्टिकोण बदलिएको थियो। उनले सोचे—“मैले जुन अभाव भोगेँ, अब आउने पुस्ताले त्यही अभाव भोग्न नपरोस्।” उनले गाउँका विद्यार्थीहरूका लागि अध्ययन केन्द्र खोल्ने निर्णय गरिन्। त्यहाँ विद्यार्थीहरूलाई निःशुल्क पढाइन्थ्यो। किताब र शैक्षिक सामग्री उपलब्ध गराइन्थ्यो। हरेक बिहान केही समय ध्यान, प्रार्थना र सकारात्मक चिन्तनका लागि छुट्याइन्थ्यो। तर भीमसरा विद्यार्थीहरूलाई केवल धार्मिक कुरा सिकाउँदिनथिन्। उनी उनीहरूलाई सत्य, अनुशासन, सेवा, करुणा, आत्मविश्वास र कर्मको महत्त्व बुझाउँथिन्। एक दिन एक विद्यार्थीले उनलाई सोध्यो—“दिदी, भगवानमाथि विश्वास गरेपछि हामीले मेहनत गर्नुपर्दैन?” भीमसरा मुस्कुराइन्-“होइन। विश्वासले हामीलाई शक्ति दिन्छ, तर कर्म हामीले नै गर्नुपर्छ।”

उनले भनिन्—“बीउ रोपेर पानी नहाली केवल प्रार्थना गरेर बाली फल्दैन। प्रार्थनाले मनमा आशा दिन्छ, तर बाली उमार्ने काम किसानले गर्नुपर्छ।”

विद्यार्थीहरूले ध्यानपूर्वक उनको कुरा सुने। अर्को विद्यार्थीले सोध्यो—“दिदी, म धेरैपटक असफल भएको छु। अब के गरूँ?” भीमसराले भनिन्—“पहिले आफ्नो मन शान्त बनाऊ। आफ्नो गल्ती स्वीकार गर। त्यसपछि फेरि प्रयास गर। असफलताबाट भाग्ने होइन, त्यसबाट सिक्ने हो।” उनको अध्ययन केन्द्रमा विस्तारै धेरै विद्यार्थी आउन थाले। कसैलाई पढाइमा समस्या थियो। कसैलाई घरको समस्या, कसैलाई आत्मविश्वासको कमी, कसैलाई भविष्यबारे डर। भीमसरा सबैको कुरा ध्यानपूर्वक सुन्थिन्। उनी भन्थिन्— “तिमीहरूको परिस्थिति तिमीहरूको अन्तिम परिचय होइन।”एक दिन उनको पुरानो विद्यालयले उनलाई प्रमुख अतिथिका रूपमा बोलायो। भीमसरा विद्यालयको मञ्चमा उभिइन्।

उनले अगाडि बसेका विद्यार्थीहरूलाई हेरिन्। उनीहरूमा उनले आफ्नो पुरानो रूप देखिन्। पुरानो झोला बोकेको भीमसरा। लालटिनमा पढ्ने भीमसरा। गणितमा असफल भएकी भीमसरा।

पहिलो प्रस्तुति बिगारेकी भीमसरा। तर ती सबै कठिनाइ पार गरेर आज उनी त्यही मञ्चमा उभिएकी थिइन्। उनले भनिन्—“म पनि कुनै समय तिमीहरूजस्तै विद्यार्थी थिएँ। म जाजरकोटको दुर्गम गाउँ पाल्तमा जन्मिएँ। मेरो परिवार आर्थिक रूपमा कमजोर थियो। मैले धेरै अभाव देखेँ। तर मैले एउटा कुरा कहिल्यै छोडिनँ—आशा र प्रयास।” उनले केही क्षण रोकिएर भनिन्—“म आध्यात्मिक चिन्तनमा रुचि राख्थेँ। त्यसले मलाई दुःखबाट भाग्न होइन, दुःखलाई शान्त मनले सामना गर्न सिकायो।” उनले भनिन्—“भगवान्माथि विश्वास राख, गुरुजनको सम्मान गर, आमाबुबाको आशीर्वादलाई आफ्नो शक्ति बनाऊ। तर आफ्नो कर्म गर्न कहिल्यै नछोड।”

विद्यार्थीहरू शान्त भएर सुनिरहेका थिए। उनले थपिन्—“जीवनमा असफलता आउँछ। आलोचना हुन्छ। कहिलेकाहीँ आफूलाई कमजोर लागेको पनि हुन्छ। तर त्यही बेला आफ्नो मनभित्र फर्केर हेर। आफूलाई सोध—म कहाँ गल्ती गरिरहेको छु? म के सुधार गर्न सक्छु?” उनले अन्त्यमा भनिन्— “सफलता केवल ठूलो पद, पैसा वा प्रतिष्ठा होइन। आफ्नो जीवन सुधार्दै अरूको जीवनमा पनि उज्यालो ल्याउन सक्नु नै वास्तविक सफलता हो।” पूरै हल तालीले गुञ्जियो। भीमसराले आफ्नो जीवनबाट प्रमाणित गरिन्—गरिबीले मानिसको सपना रोक्न सक्दैन, दुर्गमताले मानिसको प्रतिभा रोक्न सक्दैन, असफलताले मानिसको भविष्य समाप्त गर्दैन। कठिन परिस्थितिले पनि मानिसको आत्मविश्वासलाई हराउन सक्दैन, यदि उसले आफ्नो भित्री शक्ति पहिचान गर्न सकेमा।

उनको आध्यात्मिक चिन्तनले उनलाई एउटा महत्त्वपूर्ण कुरा सिकाएको थियो—“परिस्थिति बदलिन समय लाग्न सक्छ, तर आफ्नो सोच आजै बदल्न सकिन्छ।” त्यसैले भीमसरा हरेक कठिनाइमा पहिले आफ्नो मनलाई शान्त पार्थिन्, त्यसपछि सही बाटो खोज्थिन् र अन्ततः आफ्नो कर्ममा लाग्थिन्। उनको जीवनको मूल मन्त्र थियो—“विश्वास राख, आत्मचिन्तन गर, सही कर्म गर र हिम्मत कहिल्यै नहार।” आज भीमसरा सफल विद्यार्थीबाट समाजका लागि प्रेरणादायी व्यक्तित्व बनेकी थिइन्। तर उनी आफूलाई अझै पनि विद्यार्थी नै ठान्थिन्। उनी भन्थिन्—“मानिसले विद्यालयको पढाइ समाप्त गरे पनि जीवनको पढाइ कहिल्यै समाप्त हुँदैन।” उनको अध्ययन केन्द्रबाट धेरै विद्यार्थीहरू उच्च शिक्षा पढ्न थाले। कसैले शिक्षक बन्ने सपना देखे, कसैले स्वास्थ्यकर्मी बन्ने, कसैले समाजसेवी बन्ने। कसैले आफ्नै गाउँमा केही गर्ने। भीमसरालाई सबैभन्दा खुसी त्यतिबेला लाग्थ्यो, जब कुनै विद्यार्थी आएर भन्थ्यो—“दिदी, तपाईंले मलाई आफ्नो क्षमतामा विश्वास गर्न सिकाउनुभयो।” त्यस बेला उनी मुस्कुराउँदै भन्थिन्— “मैले बाटो देखाएकी मात्र हुँ। हिँड्ने काम तिमी आफैँले गरेका हौ।” समय बित्दै जाँदा पाल्त गाउँमा पनि परिवर्तन आउन थाल्यो।

विद्यार्थीहरू नियमित विद्यालय जान थाले। पढाइप्रति रुचि बढ्यो। गाउँका अभिभावकहरू पनि शिक्षाको महत्त्व बुझ्न थाले। भीमसराले गाउँका युवाहरूसँग मिलेर पुस्तकालय स्थापना गर्न सहयोग गरिन्। विद्यार्थीहरूका लागि अध्ययन सामग्री जुटाइन्। गाउँमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न थालिन्। उनको मनमा एउटा ठूलो सपना थियो— “पाल्तको कुनै पनि बालबालिकाले गरिबी र दुर्गमताका कारण आफ्नो सपना त्याग्न नपरोस्।” उनको आध्यात्मिक सोच पनि विस्तारै अझ गहिरो हुँदै गयो। उनले बुझिन्—मानिसको जीवनमा धन आवश्यक छ। शिक्षा आवश्यक छ, सफलता आवश्यक छ। तर यी सबैभन्दा माथि मानवता, शान्ति, सत्य, करुणा

बाँकी पृष्ठ ३

# व्यवसायीको सहयोगमा प्रहरी चौकीको भान्सा निर्माण



कांक्रेविहार संवाददाता
सल्यान, २९ साउन

कपुरकोट गाउँपालिकाका तिन स्थित प्रहरी चौकीको जीर्ण भान्सा मर्मत तथा व्यवस्थापनका लागि स्थानीय व्यवसायीहरूले सहयोग गरेका छन्। कपुरकोट ताजा तरकारी व्यवसायी संगठनले चौकीको जीर्ण भान्सा घरको छाना मर्मतसँगै आवश्यक भाँडाकुँडा तथा अन्य सामग्री उपलब्ध गराएको हो।

प्रहरी चौकीमा बिहीबार आयोजित कार्यक्रममा संगठनका अध्यक्ष यज्ञराज बोहरा र कोषाध्यक्ष जुबेर अहमदले सहयोग सामग्री चौकीका इन्चार्ज दीपक बस्नेतलाई हस्तान्तरण गरे।

संगठनका अनुसार प्रहरी चौकीको भौतिक अवस्था सुधार तथा प्रहरी कर्मचारीको दैनिक कार्यसम्पादनमा सहजता ल्याउने उद्देश्यले ३१ हजार सात सय ३६ रुपैयाँ बराबरको सामग्री सहयोग गरिएको हो।

भान्सा घरको जीर्ण छाना मर्मतका लागि १८ पाता निलो रंगीन जस्तापाता, १० फिटका प्लेन जस्तापाता, काँटी, वाससहितका सामग्री उपलब्ध गराइएको छ।

वर्षायाममा पानी चुहिने समस्या रहेको भान्सा घरको छाना मर्मतपछि प्रहरी कर्मचारीलाई खाना पकाउन तथा भान्सा व्यवस्थापनमा सहज हुने अपेक्षा गरिएको छ। त्यसैगरी भान्सा व्यवस्थापनका लागि आठ लिटर र पाँच लिटर क्षमताका दुई थान प्रेसर कुकर, कराहीलगायत आवश्यक भाँडाकुँडा पनि प्रदान गरिएको छ।

चौकीमा कार्यरत प्रहरी कर्मचारीको दैनिक आवश्यकता पूरा गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले सामग्री उपलब्ध गराइएको संगठनले जनाएको छ। संगठनका कोषाध्यक्ष जुबेर अहमदले व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रहरी चौकीलाई सहयोग गरिएको बताए।

चौबीसै घण्टा नागरिकको सुरक्षामा खटिने प्रहरी कर्मचारीको कार्यस्थल व्यवस्थित बनाउन सहयोग गर्दा उनीहरूको काममा समेत सकारात्मक प्रभाव पर्ने उनको भनाइ छ।

"प्रहरी नागरिकको सुरक्षाका लागि निरन्तर खटिने भएकाले कार्यस्थल व्यवस्थित बनाउन स्थानीय व्यवसायीका तर्फबाट सक्दो सहयोग गरेका हौं," अहमदले भने। उनले आगामी दिनमा पनि समुदायको आवश्यकता हेरेर सामाजिक क्षेत्रमा सहयोगलाई निरन्तरता दिने बताए।

सहयोग सामग्री बुझ्दै प्रहरी चौकीका इन्चार्ज दीपक बस्नेतले व्यवसायीले गरेको सहयोगप्रति आभार व्यक्त गरे। उनले भान्सा व्यवस्थापनमा भएको सहयोगले प्रहरी कर्मचारीको दैनिक जीवन सहज हुनुका साथै कार्यसम्पादनमा समेत सहयोग पुग्ने बताए।

स्थानीय व्यवसायी र प्रहरीबीचको सहकार्यले प्रहरी-नागरिक सम्बन्ध थप सुदृढ बनाउन मद्दत पुग्ने उनको भनाइ छ। स्थानीय स्तरमा व्यवसायीले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको यस्तो सहयोगले सामुदायिक सहकार्य र आपसी विश्वास बढाउन सकारात्मक भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# एक चिकित्सकको भरमा, जाजरकोट जिल्ला अस्पताल




कांक्रेविहार संवाददाता
जाजरकोट, २९ साउन

जिल्लाको एक मात्र ५० शय्याको अस्पताल अहिले एक जना विशेषज्ञ चिकित्सकको भरमा सञ्चालन भइरहेको छ।

सदरमुकामस्थित भेरी नगरपालिका तिन थाप्लेचौरमा रहेको जाजरकोट अस्पतालमा दरबन्दी अनुसारका विशेषज्ञ चिकित्सक नहुँदा नियमित स्वास्थ्य सेवा प्रभावित भएको छ भने जटिल रोगका बिरामी उपचारका लागि जिल्लाबाहिर जानुपर्ने बाध्यता रहेको छ।

१० वर्षअघि १५ शय्याबाट ५० शय्यामा स्तरोन्नति गरिएको अस्पतालमा अत्याधुनिक भवन तथा आवश्यक पूर्वाधार निर्माण भए पनि दक्ष जनशक्तिको अभावले सेवा प्रभावकारी बन्न सकेको छैन।

अस्पतालमा विशेषज्ञ चिकित्सकका लागि सात जनाको दरबन्दी रहेकोमा हाल अर्थोपेडिक सर्जन डा. सुनील पुन मात्रै कार्यरत छन्। सातमध्ये छ वटा विशेषज्ञ चिकित्सकको दरबन्दी लामो समयदेखि रिक्त रहेको अस्पतालले जनाएको छ।

६१ जनाको स्वीकृत दरबन्दी रहेको अस्पतालमा पाँच जना मेडिकल अधिकृतसहित ४० जना स्थायी कर्मचारी कार्यरत छन्। त्यसैगरी कर्णाली प्रदेश सरकारको करार सेवामार्फत विकास समिति, फार्मेसी, स्टाफ नर्स, ल्याब टेक्निसियन लगायतका क्षेत्रमा ४५ जना जनशक्ति व्यवस्थापन गरिएको छ। तर विशेषज्ञ सेवाका लागि आवश्यक चिकित्सकको अभावका कारण अस्पतालले अपेक्षाअनुसार सेवा दिन नसकेको हो।

विशेषज्ञ चिकित्सक नहुँदा हाडजोर्नी, शल्यक्रिया, स्त्रीरोग, बालरोगलगायत विभिन्न जटिल स्वास्थ्य समस्या भएका बिरामी प्रभावित हुने गरेका छन्।

सामान्य उपचारका लागि अस्पताल पुगेका बिरामीसमेत आवश्यक विशेषज्ञ सेवा उपलब्ध नभएपछि सुर्खेत, नेपालगञ्ज तथा काठमाडौं लगायतका शहरमा उपचारका लागि जानुपर्ने अवस्था रहेको छ। यसले बिरामी र उनीहरूका परिवारलाई थप आर्थिक तथा मानसिक भार परेको छ।

विशेषगरी वर्षायाममा झाडापखाला, संक्रामक रोग तथा विभिन्न विपद्जन्य घटनाको जोखिम बढ्ने भएकाले अस्पतालमा पर्याप्त दक्ष जनशक्ति हुनु आवश्यक रहेको स्वास्थ्यकर्मीहरूको भनाइ छ। प्राकृतिक विपत्तिका बेला घाइते तथा बिरामीको संख्या बढ्न सक्ने भएकाले त्यसलाई ध्यानमा राखेर तत्काल विशेषज्ञ चिकित्सकको व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ। स्वास्थ्यसेवा कार्यालयका प्रमुख डा. सुनील पुनले विशेषज्ञ चिकित्सकको व्यवस्थापनका लागि सम्बन्धित सरोकारवाला निकायलाई पटक-पटक ध्यानाकर्षण गराउँदै आए पनि अहिलेसम्म ठोस पहल हुन नसकेको गुनासो गरे। उनका अनुसार भवन तथा भौतिक पूर्वाधार पर्याप्त भए पनि आवश्यक दक्ष जनशक्ति नहुँदा अस्पतालको सेवा विस्तार र प्रभावकारिता कायम गर्न चुनौती भइरहेको छ।

जिल्लाको प्रमुख स्वास्थ्य संस्थाका रूपमा रहेको जाजरकोट अस्पतालमा तत्काल विशेषज्ञ चिकित्सकको दरबन्दी पूर्ति गर्न स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय आवश्यक देखिएको छ।

दुर्गम जिल्लाका नागरिकलाई आधारभूतदेखि जटिल स्वास्थ्य उपचारसम्म जिल्लामै उपलब्ध गराउन अस्पतालमा आवश्यक विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्न सरोकारवाला निकायले प्राथमिकताका साथ पहल गर्नुपर्ने देखिन्छ।

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार पदमा आवेदन खुला

कांक्रेविहार संवाददाता
जुम्ला, २९ साउन




कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाले रिक्त रहेका चार महत्वपूर्ण पदाधिकारी पदमा नियुक्तिका लागि आवेदन आह्वान गरेको छ।

प्रतिष्ठानले शिक्षाध्यक्ष, रजिस्ट्रार, डीन र निर्देशक पदका लागि योग्य तथा इच्छुक उम्मेदवारबाट आवेदन माग गरेको हो। प्रतिष्ठान ऐन, २०६८ अन्तर्गत रिक्त रहेका पदमा पदपूर्तिको प्रक्रिया अघि बढाउँदै प्रतिष्ठानले सार्वजनिक सूचना जारी गरेको जनाएको छ। पदाधिकारी नियुक्तिका लागि कार्यकारी परिषद्बाट स्वीकृत 'कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरू (शिक्षाध्यक्ष, रजिस्ट्रार, डीन र निर्देशक) को छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३' बमोजिम आवेदन माग गरिएको हो।

प्रतिष्ठानका अनुसार तोकिएको योग्यता तथा मापदण्ड पूरा गरेका इच्छुक उम्मेदवारले आवेदन दिन सक्नेछन्। रिक्त पदमा योग्य व्यक्तिको छनोट गरी प्रतिष्ठानको शैक्षिक, प्रशासनिक तथा स्वास्थ्य सेवा क्षेत्रलाई थप प्रभावकारी बनाउने उद्देश्यले पदपूर्तिको प्रक्रिया अघि बढाइएको हो।

शिक्षाध्यक्ष पदले प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक गतिविधिको नेतृत्व गर्ने भएकाले उक्त पदमा हुने नियुक्तिलाई महत्वपूर्ण रूपमा हेरिएको छ। त्यस्तै, रजिस्ट्रारले प्रशासनिक तथा व्यवस्थापकीय जिम्मेवारी सम्हाल्नेछन् भने डीन र निर्देशकले प्रतिष्ठानअन्तर्गतका शैक्षिक तथा स्वास्थ्य सेवासँग सम्बन्धित महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नेछन्। कर्णालीको दुर्गम क्षेत्रमा उच्चस्तरीय स्वास्थ्य शिक्षा तथा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यले स्थापना भएको प्रतिष्ठानका महत्वपूर्ण पद लामो समय रिक्त रहँदा प्रशासनिक तथा शैक्षिक गतिविधिमा असर पर्न सक्ने भएकाले पदपूर्तिलाई प्राथमिकताका साथ अघि बढाइएको हो। प्रतिष्ठानले जारी गरेको सूचनाअनुसार आवेदन सूचना प्रकाशित भएको मितिले सात दिनभित्र पेस गर्नुपर्नेछ। इच्छुक उम्मेदवारले भदौ तिन गते कार्यालय समयभित्र आवेदन बुझाइसक्नुपर्ने प्रतिष्ठानले जनाएको छ। आवेदनसँगै आवश्यक कागजात तथा तोकिएको प्रक्रिया पूरा गर्नुपर्नेछ। छनोट तथा सिफारिस कार्यविधिअनुसार उम्मेदवारको योग्यता, अनुभव तथा अन्य मापदण्डका आधारमा प्रक्रिया अघि बढाइने प्रतिष्ठानले जनाएको छ।

चारै पदमा योग्य नेतृत्व चयन भएपछि प्रतिष्ठानको शैक्षिक कार्यक्रम विस्तार, प्रशासनिक व्यवस्थापन तथा स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# छात्रालाई खाद्यान्न तथा शैक्षिक सामग्री

कांक्रेविहार संवाददाता
हुम्ला, २९ साउन



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हुम्ला शाखाले आफ्नो सातौँ स्थापना दिवसको अवसरमा छात्रावासमा बस्दै आएका छात्राहरूलाई खाद्यान्न तथा शैक्षिक सामग्री सहयोग गरेको छ। सामाजिक उत्तरदायित्वअन्तर्गत महिला फिडर छात्रावासमा बस्दै आएका छात्राहरूलाई उक्त सामग्री प्रदान गरिएको हो।

लिमिटेडका कार्यालय प्रमुख कृष्ण थापामगरका अनुसार स्थापना दिवसको अवसर पारेर छात्राहरूको दैनिक आवश्यकतासँगै शैक्षिक गतिविधिमा सहयोग पुऱ्याउने उद्देश्यले खाद्यान्न तथा शैक्षिक सामग्री वितरण गरिएको हो।

दुर्गम क्षेत्रमा अध्ययनरत विद्यार्थीलाई सानो भए पनि सहयोग पुगेस् र उनीहरूको अध्ययनमा प्रोत्साहन मिल्ने अपेक्षासहित सामग्री प्रदान गरिएको उनले बताए।

लिमिटेडले छात्रावासमा रहेका छात्राहरूका लागि ७५ केजी चामल, १० लिटर तेल र पाँच केजी चिनी सहयोग गरेको छ। त्यसैगरी अध्ययनमा प्रयोग हुने २० वटा कापी र २० वटा डटपेनसमेत प्रदान गरिएको छ। छात्राहरूको अतिरिक्त क्रियाकलापलाई समेत प्रोत्साहन गर्ने उद्देश्यले एक-एक थान भलिबल र फुटबल पनि उपलब्ध गराइएको कार्यालयले जनाएको छ। उक्त सामग्री जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख सरिता रावत र प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले छात्राहरूलाई हस्तान्तरण गरेका थिए।

सामग्री ग्रहण गर्दै छात्राहरूले स्थापना दिवसको अवसरमा गरिएको सहयोगले आफूहरूलाई अध्ययन तथा दैनिक जीवनमा सहयोग पुग्ने बताएका छन्। महिला फिडर छात्रावासमा बस्दै आएका छात्राहरू मानसरोवर माध्यमिक विद्यालयमा अध्ययन गर्दै आएका छन्। दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षामा पहुँच र गुणस्तर सुधारका लागि सरकारी तथा गैरसरकारी निकायबाट हुने यस्ता सहयोगले विद्यार्थीलाई थप हौसला प्रदान गर्ने विश्वास गरिएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आगामी दिनमा पनि आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य तथा समुदायसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रमा सहयोगलाई निरन्तरता दिने जनाएको छ।

## आध्यात्मिक...

र सेवा आवश्यक छन्। उनले आफूलाई सम्झाइरहन्थिन्-"मैले जे पाएँ, त्यसको केही अंश समाजलाई फर्काउन सक्नु नै मेरो कर्तव्य हो।" यसरी भीमसराको जीवन एउटा साधारण विद्यार्थीको जीवनबाट प्रेरणादायी यात्रामा परिणत भयो। जाजरकोटको दुर्गम गाउँ पाल्तमा जन्मिएकी एउटी गरिब परिवारकी विद्यार्थीले शिक्षा, आत्मचिन्तन, आध्यात्मिक विश्वास, मेहनत र सेवाको माध्यमबाट आफ्नो जीवन परिवर्तन गरिन्। उनले प्रमाणित गरिन्— आध्यात्मिकता मानिसलाई कमजोर बनाउने कुरा होइन; सही अर्थमा बुझियो भने यसले मानिसलाई धैर्य, विवेक र साहस दिन्छ। उनले सिकिन्—प्रार्थना मनको शक्ति हो। ज्ञान जीवनको प्रकाश हो। कर्म सफलताको बाटो हो। सेवा मानवताको पहिचान हो। आत्मचिन्तन आफूलाई सुधार्ने ऐना हो। भीमसराको कथा आज पाल्त गाउँका विद्यार्थीहरूको प्रेरणा बनेको थियो। जब कुनै विद्यार्थी निराश हुन्थ्यो, उसले भीमसरालाई सम्झिन्थ्यो। जब कुनै विद्यार्थी असफल हुन्थ्यो, उसले उनको गणितको असफलता सम्झिन्थ्यो। जब कसैलाई बोल्न डर लाग्थ्यो, उसले उनको पहिलो असफल प्रस्तुति सम्झिन्थ्यो। जब कसैलाई आफ्नो गरिबी कमजोरीजस्तो लाग्थ्यो, उसले भीमसराको जीवन सम्झिन्थ्यो। उनीहरू आफैँलाई भन्थे— "हाम्रो परिस्थिति कठिन हुन सक्छ, र हाम्रो भविष्य त्यसैले तय गर्दैन।" भीमसरा पनि आफ्ना विद्यार्थीहरूलाई एउटै कुरा सम्झाइरहन्थिन्—"भगवान्माथि विश्वास राख, गुरुजनको सम्मान गर, आमाबुबाको आशीर्वाद ग्रहण गर, आफ्नो मनलाई शान्त राख र आफ्नो कर्ममा इमानदार बन। कठिनाइ आए पनि आफ्नो बाटो नछोड।" उनको जीवनको अन्तिम सन्देश थियो—"मानिसले भगवान्लाई खोज्दै धेरै टाढा जानुपर्दैन। जब हामी सत्य बोल्छौँ, दुःखीलाई सहयोग गर्छौँ, ज्ञान बाँड्छौँ, अरूको सम्मान गर्छौँ र आफ्नो कर्तव्य इमानदारीपूर्वक पूरा गर्छौँ, त्यहीँबाट हाम्रो आध्यात्मिक यात्रा सुरु हुन्छ।" भीमसराले आफ्नो जीवनबाट यही कुरा प्रमाणित गरिन्। दुर्गम गाउँमा जन्मिएर पनि ठूलो सपना देख्न सकिन्छ। गरिबीबीच पनि शिक्षा हासिल गर्न सकिन्छ। असफलतापछि फेरि उठ्न सकिन्छ। आत्मचिन्तनबाट आफूलाई सुधार्न सकिन्छ। आध्यात्मिक विश्वाससँगै कर्म गर्न सकिन्छ। र आफ्नो सफलता केवल आफ्ना लागि नभई समाजका लागि पनि प्रयोग गर्न सकिन्छ। पाल्तकी भीमसरा केवल एक सफल विद्यार्थी मात्र थिइनन्। उनी आध्यात्मिक चिन्तन, शिक्षा, मेहनत, आत्मविश्वास र सेवाको बाटोमा अघि बढेकी एक प्रेरणादायी विद्यार्थी थिइन्। उनको जीवनको मूल मन्त्र सधैँ एउटै रह्यो— "विश्वास राख, सही सोच राख, कर्म गर र हिम्मत कहिल्यै नहार।"

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# हरियालीसँगै पर्यटन प्रवर्द्धनमा कर्णाली सरकारको जोड




**काँक्रेविहार संवाददाता**
सुर्खेत, २९ साउन

कर्णाली प्रदेश सरकारले हरियाली प्रवर्द्धनसँगै पर्यटन विकासलाई प्राथमिकतामा राख्दै यस वर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्ने भएको छ।

सहरी क्षेत्रलाई आकर्षक बनाउने, वातावरण संरक्षण गर्ने तथा पर्यटकीय क्षेत्रको विकास मार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यले कार्यक्रम अघि बढाउन लागिएको हो।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा हरियाली प्रवर्द्धन कार्यक्रमका लागि ३९ करोड ९६ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। उक्त बजेटबाट सहरी क्षेत्रका सडक किनारामा वृक्षारोपण, पार्क तथा उद्यान निर्माण, खुला स्थानको संरक्षण, पदमार्ग, दृश्यावलोकन स्थल तथा प्राकृतिक, धार्मिक र सांस्कृतिक पर्यटकीय पूर्वाधार निर्माणमा खर्च गरिनेछ।

मन्त्रालयका सूचना अधिकारी महेश नेपालीका अनुसार अघिल्लो वर्ष विभिन्न सम्भावित स्थानको अध्ययन गरिएको थियो। सोही अध्ययनका आधारमा यस वर्ष हरियाली तथा पर्यटन प्रवर्द्धनका कार्यक्रम कार्यान्वयन गरिनेछ। हरियाली विस्तारले वातावरण संरक्षणसँगै सहरको सौन्दर्य बढाउने र पर्यटक आकर्षित गर्न सहयोग पुग्ने प्रदेश सरकारको अपेक्षा छ। यसअघि वीरेन्द्रनगर नगरपालिकाले पनि सहरी हरियाली प्रवर्द्धनलाई प्राथमिकता दिँदै सडक किनारामा वृक्षारोपण गर्दै आएको छ।

नगरपालिकाका प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख प्रकाश पौडेलका अनुसार बाटोको मापदण्ड पुगेका सडकखण्डमा यसअघि करिब एक हजार पाँच सयभन्दा बढी बिरुवा रोपिएको छ। यो वर्ष पनि सडक तथा विभिन्न पार्कमा वृक्षारोपणलाई निरन्तरता दिइनेछ।

कर्णाली प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न प्रदेश भए पनि पर्याप्त पूर्वाधार र प्रचारप्रसारको अभावमा पर्यटन क्षेत्रले अपेक्षित लाभ लिन सकेको छैन।

रारा, शे-फोक्सुण्डो, कुपिण्डे र बुलबुले ताल, काँक्रेविहार, पञ्चकोशी, पचालझरना तथा सिंजा सभ्यताजस्ता महत्वपूर्ण गन्तव्य कर्णालीमा रहेका छन्। पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले ‘गन्तव्य कर्णाली’ एपलाई थप व्यवस्थित र परिमार्जनसहित सञ्चालन गर्ने तयारी गरेको छ। साथै पर्यटक गाइड पुस्तक निर्माण तथा नयाँ पर्यटकीय गन्तव्य पहिचानको कामसमेत अघि बढाइने भएको छ। प्राकृतिक सौन्दर्य, साहसिक पर्यटन तथा धार्मिक पर्यटनलाई योजनाबद्ध रूपमा प्रवर्द्धन गर्न सके कर्णालीले पर्यटनबाट ठूलो आर्थिक लाभ लिन सक्ने प्रदेश सरकारको विश्वास छ।

## करिब...

कार्यक्रम सञ्चालन गर्न कति बजेट आवश्यक पर्छ भन्ने विवरणसमेत तयार गरिएको छ। तर सरकारबाट ठोस निर्णय नहुँदा चालु आव ०८३/८४ को नीति तथा कार्यक्रममा कार्यक्रम समेटिएन। तत्कालीन सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले पुरानै मोडलमा २० वर्षसम्म खातामा रकम जम्मा गर्दै जाँदा प्रदेश सरकारलाई ठूलो आर्थिक भार पर्ने देखिएपछि कार्यक्रम रोकिएको बताए ‘दोधार भएर कार्यक्रम रोकिएको हो।

खातामा पैसा हाल्दै जाने हो भने प्रदेश सरकारको सबै बजेट हाल्दा पनि २० वर्षसम्म नपुग्ने देखियो,’ भण्डारीले भने, ‘४२ करोड जति खातामा डम्पिङ भइरहेको छ। नयाँ मोडलमा लागू गर्नेबारे अबको सरकारले सोच्ला नि।’

खातामा रकम थुपारिरहनुभन्दा त्यसलाई अन्य क्षेत्रमा लगानी गरेर त्यसबाट प्राप्त हुने ब्याज वा प्रतिफल छोरीहरूको हितमा प्रयोग गर्ने विषयमा समेत छलफल भएको उनले बताएका थिए। गत आर्थिक वर्षमा यही कार्यक्रमका लागि छुट्याइएको ५ करोड रुपैयाँसमेत कार्यान्वयन हुन सकेन।

तर कार्यक्रमका संस्थापक तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाही भने कार्यक्रमको उद्देश्य रकम जम्मा गर्नु मात्र नभएको बताउँछन्। उनका अनुसार छोरीमाथि हुने सामाजिक विभेद घटाउने, बालविवाह निरुत्साहित गर्ने र कर्णालीका छोरीलाई शिक्षित बनाउन प्रोत्साहित गर्ने उद्देश्यले कार्यक्रम सुरु गरिएको थियो। छोरी जन्मिँदा अभिभावकले गर्व गर्ने र छोरीले पनि आफ्नो जन्मलाई बोझका रुपमा नलिने वातावरण बनाउनु कार्यक्रमको अर्को उद्देश्य रहेको उनको भनाइ छ।

शाहीका अनुसार खातामा जम्मा हुने रकम ठूलो आर्थिक सहायता नभई छोरीलाई प्रोत्साहन गर्ने आधारका रूपमा राखिएको थियो। सुरुमा रकम जम्मा गर्ने र पछि त्यसलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने सोचसमेत रहेको उनले बताए।

कर्णालीमा निर्माण भइरहेका जलविद्युत् आयोजनामा लगानी गरेर छोरीहरूलाई भविष्यमा सेयरधनी बनाउने अवधारणा रहेको उनको भनाइ छ।

‘छोरी जन्मिनेबित्तिकै खाता खोल्ने र खातामा पैसा जम्मा गर्ने भनिएको थियो। एक वर्ष पैसा जम्मा भइसकेपछि त्यसलाई सेयरमा लगानी गर्ने सोच थियो,’ शाहीले भने, ‘कर्णालीमा हाइड्रोपावर बन्दैछ भने त्यहीँ लगानी गरेर कर्णालीका छोरीलाई सेयरधनी बनाउन सकिन्छ भन्ने अवधारणा थियो।’

कार्यक्रम सुरु गर्दा तत्कालै ठूलो रकम लगानी गर्न सक्ने अवस्था नभएकाले पहिलो चरणमा खातामा रकम जम्मा गर्ने र त्यसपछि लगानीतर्फ जाने योजना बनाइएको शाहीले बताए। अहिले कार्यक्रम रोकिए पनि नयाँ सरकारले उपयुक्त मोडल बनाएर यसलाई निरन्तरता दिने उनको विश्वास छ।

कार्यक्रम रोकिएपछि भने नयाँ जन्मिएका छोरीका अभिभावक अन्योलमा छन्। कतिपयले छोरीको नाममा खाता खोले पनि रकम जम्मा नभएको बताएका छन्। स्थानीय तहका कर्मचारीका अनुसार पछिल्लो समय कार्यक्रमबारे जानकारी लिन आउने अभिभावकको संख्या घटेको छ। कतिपय अभिभावकले कार्यक्रम बन्द भएको बुझेर खाता खोल्नसमेत छाडेका छन्।

कार्यक्रमको भविष्य अन्योलमा परेपछि प्रदेशसभाका महिला सांसदहरुले समेत सरकारको ध्यानाकर्षण गराएका छन्। कर्णाली प्रदेशसभाका ११ जना महिला सांसदले तत्कालिन सामाजिक विकासमन्त्री तथा सत्तारूढ र विपक्षी दलका प्रमुखलाई भेटेर कार्यक्रमलाई निरन्तरता दिन माग गर्दै ध्यानाकर्षणपत्र बुझाएका थिए। उनीहरूले हजारौँ छोरीको भविष्यसँग जोडिएको कार्यक्रम अचानक रोकिँदा बैंकमा रहेको रकम र लाभग्राही छोरीप्रतिको राज्यको दायित्वबारे स्पष्ट निर्णय गर्नुपर्ने माग गरेका छन्।

प्रदेशसभा सदस्य कल्याणी खड्काले कार्यक्रमलाई बीचमै रोक्नु उचित नभएको बताउँदै महिला सांसदसहित सरोकारवालासँग छलफल गरेर नयाँ ढाँचामा निरन्तरता दिनुपर्ने बताएकी छन्। उनका अनुसार कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक परे नयाँ ऐन, कानुन र कार्यविधि बनाएर अघि बढ्नुपर्छ।

राप्रपा सांसद सन्तोषी शाहीले पनि कार्यक्रमलाई निरन्तरता नदिने हो भने सरकारले त्यसको स्पष्ट आधार र कारण सार्वजनिक गर्नुपर्ने बताएकी छन्। उनका अनुसार हजारौँ छोरीको खातामा रकम जम्मा भइसकेको अवस्थामा कार्यक्रम अचानक रोक्दा बैंकमा रहेको राज्यको करोडौँ रुपैयाँको भविष्यबारे समेत सरकारले जवाफ दिनुपर्छ।

यसरी हेर्दा ‘बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको’ कार्यक्रम अहिले नयाँ खाता खोल्ने र रकम जम्मा गर्ने चरणमा मात्र रोकिएको छैन। करिब ५६ हजार छोरीको नाममा जम्मा भइसकेको ४० करोड ६२ लाख रुपैयाँ कसरी सुरक्षित गर्ने, आगामी वर्षहरुमा ती खाताको रकम कसरी व्यवस्थापन गर्ने र राज्यले गरेको प्रतिबद्धता कसरी पूरा गर्ने भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण बनेको छ।

पुरानै ढाँचामा कार्यक्रम अघि बढाउँदा प्रदेश सरकारलाई दीर्घकालीन आर्थिक भार पर्ने देखिएको छ। अर्कोतर्फ, कार्यक्रम नै बन्द गरेर खातामा जम्मा भएको रकम निष्क्रिय राख्दा छोरीहरुलाई लक्षित गरी राज्यले सुरु गरेको योजनाको उद्देश्य नै कमजोर हुने जोखिम छ।

## उद्योग खारेजीको सूचना !

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री कमल बहादुर जि.सी. धनि रहेको, दर्ता नम्बर ४४४२/२०७५-०७६ बाट चौकुने गाउँपालिका-८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको ‘श्री चौकुने कृषि तथा भैंसी पालन फर्म’ नामको प्राइभेट उद्योग मेरो घरायसी कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंत्तिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति :** २०८३/०४/३०

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री चन्द्रबहादुर चौधरी** धनी रहेको, **दर्ता नम्बर** २३०३/०७१/०७२ बाट **वीरेन्द्रनगर-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **चन्द्र पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)